आज मिति २०८१ साल भाद्र ३१ गते सोमबारका दिन यस देवानगन्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८१/०८२ को दोस्रो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री दिनानाथ साह - का.व. वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री विजय प्रसाद यादव - का.व.वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

आमन्त्रित :

श्री जनार्दन प्रसाद मेहता - सूचना प्रविधि अधिकृत -

श्री विन्देश्वर यादव - लेखापाल -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. लघुवित्त संघ-संस्था दर्ता सम्बन्धमा ।
३. जिम्मेवारी सम्बन्धमा ।
४.अवकाश सुविधा सम्बन्धमा ।
५.जग्गा वर्गिकरण सम्बन्धमा ।
६.विज्ञापन अनुमोदन सम्बन्धमा ।
७.देवानगंज बजारमा ठेक्का रद्ध गर्न सम्बन्धमा ।
८.शिविर व्यावस्थापन खर्च सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८१/०८२ का पहिलो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विना दर्ता गरी सञ्चालनमा रहेका लघुवित्त संघ-संस्था, तथा व्यावसाय उधोगहरुलाई यस पालिकामा नियमानुसार दर्ता गरी सञ्चालन गर्न सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका कर्मचारीहरुलाई तपसिल बमोजिमको जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।
तपसिल:

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | डण्डिकेशर खनाल | शिक्षा अधिकृत | प्रशासन शाखा प्रमुख | थप जिम्मेवारी |
| २ | जर्नादन प्रसाद मेहता | सूचना प्रविधि अधिकृत | जिन्सी शाखा प्रमुख | थप जिम्मेवारी |
| ३ | पप्पु कुमार यादव | सब-इञ्जिनियर | प्राविधिक शाखा प्रमुख | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा २०८१ बैशाखमा सहायकस्तर पाँचौ श्री सुकल प्रसाद मेहता अवकाश भई सकेको हुँदा निजले पाउने सेवा-सुविधाको रकम दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका भित्रका वर्गिकरण हुन बाँकी तथा छुट भएका कित्ताहरु देवानगञ्ज गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण २०८०/०८१ (अन्तिम प्रतिवेदन) को अनुसार वर्गीकरण गरी सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व.२०८१/०८२ मा मिति २०८१/०४/०८ गते प्रकाशित विज्ञापन नं. DRM/०१/२०८१-०८२, DRM/०२/२०८१-०८२ र DRM/०३/२०८१-०८२ अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रकाशित विज्ञापन नं. DRM/०६/२०८०-०८१ देवानगंज बजार पुरानो हाटकर देवानगंज २ मा ठेक्का लागेको हुँदा सो ठेक्काको देवानगंज हाट बजार व्यावस्थापन समितिले आफैं सरसफाई तथा व्यावस्थापन गर्ने निर्णय भएको हुँदा सो ठेक्कालाई रद्ध गरी सम्झौताको रकम नियमानुसार फिर्ता गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा न ३ र ६ मा संचालन भएको निशुल्क स्वास्थ्य शिविर व्यावस्थापन खर्च देवानगंज गाउँपालिकाको चालु सम्पुरक खर्च शिर्षकबाट भुत्तानि दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा भएको निर्णयमा उल्लेखित कार्य को लागी कति खर्च लाग्ने भनि रकम नतोकिए -ले उक्त प्रस्तावमा भएको निर्णयमा मेरो सहमति छैन ।

कृपानारायण पाल
(वडाध्यक्ष)

(उपाध्यक्ष)